पाटन नगरपालिका

# विनियोजन ऐन,२०७५

नगरसभाबाट स्वीकृत मितिः २०७५।०६।१८

पाटन नगरपालिका

बैतडी जिल्ला

७ नं, प्रदेश

पाटन नगरपालिका

विनियोजन ऐन,२०७५

**प्रस्तावना :**पाटन नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संवधानको धारा २२९ को उपधारा (२) बमोजिम पाटन नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भः (१) यस ऐनको नाम पाटन नगरपालिकाविनियोजन ऐन २०७५ रहेको छ ।

(२) यो ऐनतुरुन्तप्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।७६ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्तनगर कार्यापालिकाले वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लिखितचालु खर्च र वित्तियव्यवस्थाको रकम समेत गरि जम्मारकम रु ४६,६३,१६,०००।(अक्षेरुपी छयालीस करोड तिरसठ्ठीलाख सोह्रहजाररुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७५।०७६ को निमित्त पाटन नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिने छ ।

(२)उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमानगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च रवित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्च तर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च रवित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनिनगर सभाले जुनसुकैशीर्षकबाटएक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न सक्नेछ ।

४. खारेजीः यो ऐन लागु भएपछि विनियोजन ऐन, २०७४ खारेज हुने छ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|
| 1 | 3 | 4 | 5 | 7 |
| 1 | कार्यक्रमखर्च | 27704=02 | 117486=11 | 155149=23 |
| | प्रशासनीकखर्च | 44866=77 | 0 | 44866=77 |
| 2 | सशर्त अनुदान | 194833 | 11467 | 206300 |
| 3 | सामाजिक सुरक्षा | 50000 | 0 | 50000 |
| 4 | सम्पुरक कोष | 0 | 10000 | 10000 |
| | जम्मा | 327362=89 | 138953=11 | 466316 |